# शिक्षक तथा बालविकास शिक्षकहरुको दरबन्दी मिलान एवम विद्यालय समायोजन तथा एकिकरण सम्बन्धी कार्यविधि

## २०८०

## जहदा गाँउकार्यपालिकाको कार्यालय

## जहदा मोरङ्ग।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०-०९-२९

प्रस्तावनाः यस गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा रहेको शिक्षक दरबन्दी एवं बालबिकास केन्द्रमा कार्यरत बालबिकास शिक्षकहरुलाई विद्यालयमा सञ्चालित कक्षा/तह र विद्यार्थी संख्या एवं निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत आधारमा समेत दरबन्दी मिलान गरी उपलब्ध जनशक्तिको समानुपातिक एवं न्यायोचित रुपमा वितरण गरी प्रभावकारी रुपमा विद्यालयको संचालन एवं व्यवस्थापन गर्न र आवश्यकताको सङ्ख्यामा मात्र विद्यालय स्थापना र संचालन गर्न आवश्यकता भएको हुँदा जहदा गाँउपालिकाको शिक्षा ऐन २०७७ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरिएको छ।

लागु हुनेः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

परिच्छेद -१

संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम" शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दी मिलान एवम विद्यालय समायोजन सम्बन्धी कार्यविधि"रहेको छ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

१.२ यो कार्यविधि यसै जहदा गाँउपालिका भर लागु हुने गरी तयार गरिएको हो।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)"शिक्षासमिति" भन्नाले जहदा गाँउपालिकाको शिक्षा ऐन २०७७ को दफा १० उपदफा १ बमोजिमको समिति बुझ्नुपर्छ।

ख) "विद्यालय व्यवस्थापन समिति" भन्नाले जहदा गाँउपालिकाको शिक्षा ऐन २०७७ को दफा १८को उपदफा १ बमोजिमको समिति बुझ्नुपर्छ।

ग) "अध्यक्ष" भन्नाले जहदा गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयका वर्तमान अध्यक्ष बझ्नुपर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जहदा गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयका वर्तमान प्रमुख प्रशासकीय अधिकृत बुझ्नुपर्छ।

ङ) "वडाध्यक्ष" भन्नाले सम्बन्धित वडाको वडाध्यक्ष सम्झनुपर्दछ ।

च)"शिक्षा शाखा प्रमुख" भन्नाले जहदा गाँउपालिकाको शिक्षा शाखा प्रमुखको जिम्मेवारीमा रहेको शिक्षा सेवाको जेष्ठ अधिकृत बुझ्नुपर्छ। शिक्षा नियमावली २०५९ (शंसोधन सहित ) को नियम ९६ क(१).ख मा उल्लेख भएको सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक भन्नाले हालको शिक्षा शाखा प्रमुख भनेर बुझ्नुपर्छ।

छ) "गाँउपालिका" भन्नाले जहदा गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय भनेर बुझ्नुपर्छ।

ज) "विज्ञ" भन्नाले शिक्षा शास्त्रमा स्नात्तकोत्तर योग्यता प्राप्त माध्यमिक शिक्षक शिक्षा सेवाको अधिकृत /विद्यालय निरीक्षक विद्यालय शिक्षा वा शिक्षा प्रशासन सेवाबाट निवृत्त ब्यक्ति सम्झनुपर्दछ ।

ज) "विद्यालय" भन्नाले नियमानुसार विद्यालय सञ्चालन गर्न स्वीकृति वा अनुमति पाएका विद्यालयहरु बुझ्नुपर्छ।यस शब्दले नेपाल सरकारबाट नियमित अनुदान

Scanned with CamScanner

पाइरहेका विद्यालयहरु (मदरसा  गुरुकुल र गुम्बा जस्ता धार्मिक प्रकृति) समेतका विद्यालयलाई बुझाउँछ।

झ) "शिक्षक" भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियमानुसार नियुक्ती पाएका शिक्षकलाई बुझ्नुपपर्छ। यस शब्दले अस्थायी करार, राहत अनुदान,संघिय अनुदान र पालिकाको अनुदानमा कार्यरत स्वयंसेवक शिक्षक समेतलाई बुझाउँछ।

ञ) "बालबिकास शिक्षक" भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त गरिरहेका बालविकास केन्द्रहरुका सहयोगी कार्यकर्ता /सहजकर्ता (हालमा प्रारम्भिक बालविकास शिक्षक) समेतलाई बुझ्नुपर्छ।

त) "प्राथमिक तह" भन्नाले कक्षा १-५  निम्न माध्यमिक तह  भन्नाले कक्षा ६-८ र माध्यमिक तह भन्नाले कक्षा ९-१० र कक्षा ११-१२ लाई बुझ्नुपर्छ ।

## परिच्छेद-२

सामुदायिक विद्यालयहरुमा  शिक्षकहरुको दरबन्दी मिलान गर्न अबलम्वन गरिने अधारहरु:

२.१) तहगत विद्यार्थी संख्या र कक्षाहरुमा वर्ग सङ्ख्यालाई आधार मानिनेछ। विद्यालयमा तत्काल सम्पन्न अर्धवार्षिक (दोस्रो त्रैमासिक)वि वार्षिक परीक्षामा उपस्थित विद्यार्थी संख्या नै विद्यार्थी संख्या मानिनेछ ।

२.२) क. शिक्षा नियमावली २०२८ (शंसोधन सहित) को अनुसूची -१२ बमोजिमको शिक्षक दरबन्दीलाई दरबन्दी मिलानको मुख्य आधार मानिनेछ।

२.२) ख. प्रति कक्षा विद्यार्थी संख्या  सामान्यतया ५० जना लाई आधार मानिनेछ। अर्थात शिक्षक विद्यार्थी अनुपात १: ५० हुने।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

२.२.ख.१ तर तोकिएको भन्दा ४० प्रतिशत कम (औसत प्रति कक्षा २० जना भन्दा कम )विद्यार्थी भएमा त्यस्तो विद्यालयलाई एकिकरण समायोजन तथा कक्षा वा तह घटाई विद्यालय समायोजन प्रक्रिया अघि बढाइने ।

२.२.ख.२ तोकिएको भन्दा ५० प्रतिशत बढी (औसत प्रति कक्षा २५ जना ) विद्यार्थी भएमा त्यस्तो विद्यालयमा बहुकक्षा शिक्षण शिकाई गरिनेछ।

२.२ख.३ एउटै कक्षामा विद्यार्थी संख्या बढी भईवर्ग खोल्नु पर्ने भएमा तोकिएको भन्दा ४० प्रतिशत बढी (प्रतिकक्षा ७० जना ) विद्यार्थी संख्या हुनुपर्ने र यस अवस्थामा १ शिक्षक दरबन्दी थप गरी गणना गर्ने ।

२.२.ग दरबन्दी मिलानका प्रमुख आधारहरु निम्नानुसार हुनेछन् ।

अ) प्राथमिक तहमा शिक्षक – विद्यार्थी अनुपात

आ)निम्नमाध्यमिक माध्यमिक र उच्च माध्यमिक तहमा बिषयगत शिक्षक संख्याका साथै शिक्षक – विद्यार्थी अनुपात ।

३) विद्यालयगत र तहगत रुपमा शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु:

३.१ कक्षा १-३ सञ्चालन भएका विद्यालयहरुमा

३.१.१ विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी भएमा १ दरबन्दी र १ बालविकास कायम गरिने ।

३.१.२ विद्यालयमा २५-५० जना सम्म विद्यार्थी भएमा १ दरबन्दी र २ बालविकास कायम गरिने ।

३.३ विद्यालयम ५० जना भन्दा बढी विद्यार्थी भएमा २ दरबन्दी र २ बालविकास केन्द्र कायम गरिने । तर १५० जना भन्दा बढी विद्यार्थी संख्या भएमा मात्र २.२.ख बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान गर्न सकिने ।एकमुष्ट अनुदानमा सञ्चालित विद्यालयमा शिक्षक दरबन्दी उपलब्ध गराउने छैन ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

३.२ कक्षा १-५ सञ्चालन भएका विधालयहरुमा

३.२.१ विधालयमा ३० जना भन्दा कम विधार्थी भएमा १ शिक्षक दरबन्दी र २ बाविके कायम गरिने ।

३.२.२ विधालयमा ३१ जना देखि ८० जना सम्म विधार्थी भएमा ३ शिक्षक दरबन्दी २ बाविके कायम गरिने ।

३.२.३ विधालयामा ८१ जना देखि १२५ जना सम्म विधार्थी भएमा ३ शिक्षक दरबन्दी र ३ बाविके कायम गरिने

३.२.४ विधालयमा १२६ जना वा सो भन्दा बढी विधार्थी भएमा ५ शिक्षक दरबन्दी र २ बालविकास कायम गरिने ।तर २५० जना भन्दा बढी भएमा २.२.ख बमोजिम शिक्षक विधार्थी अनुपात मिलान गर्न सकिने।

३.२.५ बुदा नं ३ .२ मा जुनसुकै कुरा लेखिएको भएता पनि कक्षा १-५ मा ५० जना भन्दा कम विधार्थी भएमा विधालयको अर्को विधालयबीचको दुरी हेरी विधालय नक्साङ्कनका आधारमा तह घटाउने वा विधालय समायोजन गर्न सकिनेछ ।

३.३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका विधालयहरुमा

३.३.१ विधालयमा निम्न माध्यमिक तहमा ७५ जना सम्म विधार्थी भएमा ३ शिक्षक दरबन्दी कायम गरिने कक्षागत रुपमा ५० जना भन्दा बढी विधार्थी भएमा ४ शिक्षक दरबन्दी कायम गरिने (अंग्रेजी -१ गणित /विज्ञान -१ नेपाली -१ सामाजिक -१ गरी ४ ) तर सो भन्दा बढी भएमा २.२.ख. बमोजिम शिक्षक विधार्थी अनुपात मिलान गर्न सकिने ।प्रतिकक्षा २० जना विधार्थी नभएमा तह समायोजन प्रकृया अगाढी बढाईनेछ ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

३.४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका विद्यालयहरुमा

३.४.१ विद्यालयमा माध्यमिक तहमा प्रति कक्षा ५० जना सम्म विद्यार्थी भएमा ४ शिक्षक कायम गरिने ।माध्यमिक तह (९-१०) मा १०० जना भन्दा बढी विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गर्न सकिनेछ। (अंग्रेजी १ विज्ञान १ गणित १ नेपाली १ र सामाजिक-१ गरी ५) तर सो भन्दा बढी भएमा २.२.ख बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान गर्न सकिने।

३.५ माध्यमिक तह (कक्षा ११-१२ ) सञ्चालन भएका विद्यालयहरुमा

३.५.१ विगत देखि कायम भएको दरबन्दी तथा संघिय सरकारबाट प्राप्त अनुदान कोटाको आधारमा तोकिएको विद्यार्थी संख्याको मापदण्ड पूरा गर्ने विद्यालयहरुलाई २ दरबन्दी/अनुदान कायम गरिने ।

३.५.२ कम्तीमा तोकिएको विद्यार्थी सङ्ख्याको २० प्रतिशत भन्दा कम विद्यार्थी भएमा माध्यमिक तह ११-१२ समायोजनको प्रकृया अघि बढाईनेछ ।

३.५.३ तोकिएको विद्यार्थी संख्याको मापदण्ड पूरा नगर्ने विद्यालयहरुको समायोजन तथा एकिकरण गर्दा नेपाल सरकारले जारी गरिएको सार्वजनिक विद्यालय समायोजन एवम् एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि२०७७ को मापदण्ड बमोजिम गरिनेछ ।

परिच्छेद ४

सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी मिलान गर्न अवलम्बन गरिने प्रक्रियाहरुः

४.१ विद्यालय एकिकरण नभइन्जेल बर्ग शिक्षण गर्न शिक्षक दरबन्दी नपुग्ने भएमा बहुकक्षा शिक्षण गर्ने प्रबन्ध मिलाउने ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४.२ दरबन्दी मिलान गर्दा शिक्षक विद्यार्थी अनुपात बढी आउने शिक्षक दरबन्दीलाई शिक्षा समितिको पुलमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी शिक्षक भएका विद्यालयहरुबाट कम भएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा शिक्षक खटाउने व्यवस्था गर्ने ।

४.३ शिक्षक दरबन्दी कटौती गर्दा क्रमशः दरबन्दी कटौमा अन्यत्र स्वैच्छिक रुपमा जान चाहने स्थायी शिक्षकलाई प्राथमिकता दिइने र कटौति गर्नु पर्दा रित्त राहत अनुदान कोटा, रिक्त दरबन्दी कटौती गरिनेछ ।कार्यरतहरु मध्येबाट कटौति गर्नु पर्दा नियुक्तिको आधारमा राहत, करार/अस्थायी र कनिष्टताको आधारमा स्थायी शिक्षकको दरबन्दी कटौती गरी अन्य विद्यालयमा सरुवा गर्ने/कामकाज गर्न खटाउने वा पुल दरबन्दी कायम गर्ने ।

४.४ शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुमा दरबन्दी रित्त देखिएमा दरबन्दी मिलान नभएमा त्यस्तो दरबन्दीमा नियुक्ती वा सरुवा भई आउन अनुमति दिइनेछैन । ।

४.५ कुनै विद्यालयमा निम्नमाध्यमिक तथा माध्यमिक तहमा बिषयगत शिक्षक संख्या अपुग हुने देखिएमा र प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात गणना गर्दा बढी देखिएमा उक्त विद्यालयलाई आवश्यक पर्ने एकमुष्ट शिक्षक संख्या गणना गरि त्यति संख्यामा उक्त विद्यालयमा शिक्षक व्यवस्था गरिनेछ । तर प्राथमिक तहमा बढी देखिएका शिक्षक दरबन्दीहरुलाई स्वीकृत दरबन्दी प्राप्त नभएसम्मको लागि माथिल्लो तहको विषयगत आवश्यकता पूरा गर्ने गरी कामकाज गर्न खटाउन सिकनेछ र त्यो दरबन्दी शिक्षा समितिमा पूल दरबन्दी कायम हुनेछ ।

४.६ दरबन्दी मिलान गर्दा देहायका अन्य आधारहरु पनि लिन सकिने छ तर दरबन्दी कट्टा हुने विद्यालयबाट दरबन्दी थप हुने विद्यालयमा स्वेच्छिक रुपमा सरुवा भइ जान चाहने शिक्षकलाई पहिलो प्रथमिकतामा राखिनेछ ।

क) विद्यालयमा गुणस्तरीय पठनपाठन लागि निज शिक्षकको आवश्यत्ता ।

ख)निजले अध्ययन अध्यापन गरेको विषय

ग)माध्यमिक तहमा पठाउँदा स्नातकोत्तर /स्नातक निम्नमनध्यमिक तहमा पटाउँदा स्नातक /१२ कक्षा वा सोसरह उर्तिण गरेको शिक्षक ।

घ) निज शिक्षकको जेष्ठता अपाङ्गता भएको शिक्षकलाई अपाङ्गताको प्रकृती हेरी शिक्षक विधार्थी अनुपात बढी भएको विधालयमा पठाउँदा निजहरुको रोजाइलाई प्राथमिकतामा राख्न सकिने छ।

ङ)शिक्षक सरुवा पदस्थापन गर्दा क्रमश राहत/करार र कनिष्ठ स्थायी शिक्षकलाई आवश्यक्ता अनुसार अर्को विधालयमा दरबन्दी सहित सरुवा पदस्थापन गरिनेछ ।तर बुँदा नं. (क) (ख) र (ग ) (घ) को विषयमा उपलब्ध अभिलेख तथा विधालय व्यवस्थापन समितिको सिफारिस समेतलाई आधारको रुपमा लिंन सकिनेछ ।

च) विधालयमा शिक्षक व्यवस्थापन गर्दा विधार्थीहरुको सिकाई उपलब्धिलाई पनि आधार मानिनेछ ।

ज)शिक्षक सेवा आयोगबाट सिफारिस भई पदस्थापनका लागि यस गाँउपालिकामा आउने शिक्षकहरुको पदस्थापन गर्दा कुनै विधालयमा स्वीकृत दरबन्दी उपलब्ध गराउनु परेमा सो विधालयको राहत दरबन्दी रिक्त दरबन्दी भएको विधालयमा कायम गरी स्वीकृत रिक्त दरबन्दी भएको विधालयमा स्थायी शिक्षक पदस्थापन गरिनेछ ।

४.७ सामुदायिक विधालयको शिक्षक दरबन्दीलाई विधार्थी संख्याको आधारमा दरबन्दी सहित सरुवा गर्न वा आवश्यक्ता अनुसार कारण जनाई गाँउपालिका भरको जुनसुकै विधालयमा कामकाज गर्न खटाउन सकिने छ।

४.८ शिक्षकलाई बुँदा नं २.२ ख १) बमोजिम कामकाज गर्न खटाउनु परेमा वा दरबन्दी मिलानका क्रममा सामुदायिक विधालयको शिक्षक सरुवा गर्नु परेमा विधालयको सहमति र शिक्षकको निवेदन आवश्यक पर्ने छैन ।

४.९ कुनै शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा एक विद्यालयबाट अर्को विद्यालयमा कामकाज गर्न खटाउन सकिनेछ ।

४.१० कुनै विद्यालयमा कार्यरत शिक्षकलाई गाँउपालिका भित्रको अर्को कुनै विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी दिई शिक्षा समितिले कामकाज गर्न खटाउन सक्नेछ । त्यस्ता शिक्षकलाई साविकको विद्यालयको कुल शिक्षक सङ्ख्या विषयगत आवश्यकता परिपूर्ति गर्ने अवस्था समेतलाई मध्यनजर गरी दरबन्दी मिलानको क्रममा कार्यरत विद्यालयमा पदस्थापन गर्न सकिनेछ ।

४.११ सरुवा गर्दा कामकाज गर्न खटाइएका शिक्षकलाई नियमानुसार रमना दिने दायित्व निज कार्यरत विद्यालयका प्रधानाध्यापक र हाजिरी गराउने दायित्व सरुवा /कामकाज गर्न खटिइ गएको विद्यालयका प्रधानाध्यापकको हुनेछ । विद्यालयमा सरुवा गरेको वा कामकाज गर्न खटाएको शिक्षकलाई हाँजिर नगराएमा त्यस्तो शिक्षकलाई दरबन्दी सहित अर्को विद्यालयमा कामकाज गर्न खटाइनेछ ।

४.१२ सामुदायिक विद्यालयको शिक्षकले सरुवा भएको वा कामकाज गर्न खटाइएको विद्यालयमा हाजिर हुन जानुपर्ने छ । सरुवा भएको शिक्षकले नियमानुसार रमना लिई हाजिर हुन नगई अटेर गरी बसेमा यस्तो शिक्षकले पाउँने तलबभत्ता वापतको रकम निकासा रोक्का गर्ने वा खटाएको विद्यालयमा निकासा गर्ने कार्य पालिकाले गर्नेछ।

४.१३ कामकाज गर्न अन्य विद्यालयमा खटाइएको शिक्षकलाई साविक विद्यालयको आवश्यकता र दरबन्दी प्राप्त गर्ने मापदण्डको आधारमा जुनसुकै समयमा काज फिर्ता गर्न सकिने छ।

४.१४ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य गाँउपालिकाको आवश्यकता अनुसार जुनसुकै समयमा गर्न सक्नेछ ।

तर सामान्यतया: शैक्षिक सत्रको पहिलो महिना भित्र दरबन्दी मिलान तथा विद्यालय मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्य सम्पन्न गरी सक्नु पर्नेछ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

४.१५ नेपाल सरकार शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्राप्त शिक्षक दरबन्दी मिलान सम्बन्धी तयार भएको मापदण्डको आधारमा यस जहदा गाउँपालिकामा उपलब्ध शिक्षक दरबन्दी/विद्यालय शिक्षाको जनशक्तिको आधारमा तहगत र कक्षागत विद्यार्थी संख्याको आधार दरबन्दी मिलानको प्रयोजनको लागि शिक्षक विद्यार्थी अनुपात कायम गरिनेछ ।

## परिच्छेद -५

### सामुदायिक विद्यालयहरुमा बालशिक्षकहरुको दरबन्दी मिलान गर्न अपनाइने प्रकृयाहरु

५.१ एक विद्यालय कम्तिमा एक बालविकास केन्द्रको अवधारणा कार्यन्वयन गरिनेछ ।

५.२ प्रत्येक बालविकास केन्द्रमा ४-५ वर्षका बालबालिकाहरु १०-२५ को संख्यामा भर्ना भएको हुनुपर्ने छ ।१०-२५ सम्मको विद्यार्थी भएको बा वि के लाई १ जना सका को दरबन्दी दिइनेछ ।अन्य आधार बुदा नं ३.१ र ३.२ बमोजिम हुनेछ ।

५.३ प्रति बालबिकास केन्द्रमा ४-५ वर्षका बालबालिकाहरु न्युनतम १० जना भन्दा कम सङ्ख्यामा रहेमा बालबिकास केन्द्रको बालशिक्षकको दरबन्दीलाई गाँउपालिकामा जगेडामा राखिनेछ ।र त्यस्तो शिक्षकलाई प्राथमिक तहको शिक्षक दरबन्दीलाई समेत आधार लिई विद्यालयमा रहने शिक्षक सङ्ख्या र बाल विकास सङ्ख्या कायम गरिनेछ ।

५.४ जगेडा दरबन्दीलाई रिक्त भएको अवस्थामा बुँदा नं. (५.२) बमोजिम आवश्यक भएको स्थानमा मात्र दरबन्दी कायम गरी बालविकास केन्द्रको बालशिक्षकको नियुक्तिका लागि अनुमति दिन सकिने छ।

५.५ विद्यार्थी संख्याका आधारमा बालशिक्षकको दरबन्दीलाई आवश्यक्ता अनुसार गाँउपालिका भरको जुनसुकै विद्यालयमा दरबन्दी सहित सरुवा गर्न वा कामकाज गर्न

Scanned with CamScanner

खटाउन सकिनेछ। अनुगमनको समयमा पाइएको औसत विद्यार्थी संख्या वा परीक्षाको समयमा उपस्थित विद्यार्थीलाईनै विद्यार्थी संख्या मानिनेछ ।

५.६ स्नातक /कक्षा १२ उत्तीर्ण गरेका बालविकास सहजकर्तालाई दरबन्दी सङ्ख्या न्युन भएका प्राथमिक/निम्नमाध्यमिक /माध्यमिक विद्यालयहरुमा खटाउन सकिनेछ । यसरी खटाउदा शैक्षिक योग्यतालाई आधार लिईनेछ ।

क यसरी बालविकास केन्द्रको बालशिक्षक सरुवा गर्न विद्यालयको सहमति र शिक्षकको निवेदन आवश्यक पर्ने छैन ।

ख) बालविकास केन्द्रको शिक्षकले सरुवा गरिएको विद्यालयमा जानुपर्ने छ ।

ग) सरुवा वा काज खटाइएको बालविकास केन्द्रको बालविकास शिक्षकलाई नियमानुसार रमना दिने दायित्व निज कार्यरत विद्यालयको प्रधानाध्यापकको र हाजिरी गराउने दायित्व काज खट्टाइएको /सरुवा भई गएको विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

घ) काज खटाइएको /सरुवा भएको बालविकास केन्द्रको बालविकास शिक्षकले नियमानुसार रमना लिई हाजिर नभएमा निजको तलबभत्ता रोका गरिनेछ र उक्त अबधिको निजको तलबभत्ता बापतको रकम निकासा गर्न कार्यालय बाध्य हुनेछैन ।

ङ) काममकाज गर्न खटाइएको बालविकास केन्द्रको शिक्षकलाई जुनसुकै समयमा काज फिर्ता गर्न सकिने छ।

च) बालविकास केन्द्रको शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धि कार्य गाँउपालिकाको आवश्यकता अनुसार जुनसुकै समयमा गर्न सकिने छ ।

छ) शिक्षा समितिको निर्णय गरि मात्र शिक्षक तथा बालविकास केन्द्रको सहजकर्तालाई सरुवा वा कामकाजमा खटाउने व्यवस्था गर्नुपर्नेछ ।

Scanned with CamScanner

ज) बाह्य रोजगारलाई प्राथमिकता दिने अभिभावकहरुको आवश्यकतालाई सम्बोधन गर्न मौजुदा बालबिकास शिक्षकहरुबाट सञ्चालन र व्यवस्थापन हुने गरी Child Care Center (CCC) or day care center (DCC) को कार्यक्रम नमूनाको रुपमा संचालन गर्न सकिनेछ ।

यो कार्यक्रम सरकारी तह, संघ सस्था, अभिभावक र अन्य साझेदारी निकायको सहयोगमा संचालन गर्न सकिने छ। यस्तो कार्यक्रमको लागि निश्चित संख्यामा बालबिकास शिक्षक /कोटाको व्यवस्थापन मौजुदा अवस्थामा रहेको बालबिकास कोटा अन्तर्गत रही गाउँपालिका स्तरबाट हुनेछ ।

ज) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ भएमा कार्यपालिकाले कार्यविधि संशोधन गरी बाधा अड्काउ फुकाउनेछ ।

झ) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछन् ।

सुरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner